सम्वत् २०८० सालको विधेयक नं.

# सियारी गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७७ (पहिलो संशोधन,२०८०)

१. निर्देशिकाको दफा २ को (घ) पछि देहायको (घ१) थप गरिएको ।

(घ१) **'अनुगमन'** भन्नाले गाउँपालिका क्षेत्रभित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको निरीक्षण, निर्देशन, सुपरीवेक्षण समेतलाई सम्झनु पर्दछ ।

२. परिच्छेद-२ दफा ४ को (१) (ग) मा **पदाधिकारी** शब्द पछी **फोकल व्यक्ति** शब्द थपिएको।

३. परिच्छेद-२ दफा ४ को (१) (ङ) पछि देहायको (च) थप गरिएको ।

(च) यस गाउँपालिकाबाट सम्पन्न हुने बोलपत्र, दरभाउपत्र, कोटेशन, मूल्याङ्कन समितिर खरिद समिति, नदिजन्य पदार्थको अनुगमन समिति, विषयगत समिति, शाखा, महाशाखा समिति, गाउँकार्यपालिका कार्यदल, छानविन प्रतिवेदन समितिका पदाधिकारीहरुलाई कार्यालय समयभन्दा बाहेकको समयमा बैठक बसे वापत प्रति व्यक्ति रु १०००/- नियमानुसार भत्ता उपलब्ध गराउन सकिनेछ साथै उक्त समितिको ५०% सम्म आमन्त्रित विज्ञ सदस्य समेतलाई औचित्यका आधारमा सोही अनुसारको भत्ता उपलब्ध गराउन सकिनेछ"। साथै घुम्ति शिविरमा खटिने कर्मचारीहरुलाई खाना खाजावापत सोही अनुसार भत्ता रकम उपलब्ध गराउन सकिनेछ।

४. निर्देशिकाको दफा (६) को उपदफा (२) हटाई देहाय बमोजिम संशोधन गरिएको ।

(२) यस गाउँपालिकामा कार्यरत स्थायी, करार दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा खाजावापत प्रति महिना रु २,०००/- का दरले उपलब्ध गराउन सकिनेछ । तर कर्मचारीको कार्यगर्दाको अवधि कुल कार्यदिनको न्युनतम पचास प्रतिशत भन्दा न्युन रहेको अवस्थामा औचित्य पुष्टि हुन नसकेको अवस्थामा उपलब्ध गराउन सकिने छैन।

थमनेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

५. निर्देशिकाको दफा (९) को उपदफा (१) हटाई देहाय बमोजिम संशोधन गरिएको ।

(१)यस गाउँपालिकामा कार्यरत स्थायी, करार सेवामा/दरबन्दीमा कार्यरत कर्मचारीहरुको गाउँ कार्यपालिकाबाट गठित कार्यदलको निर्णय अनुसार इन्धन सुविधा बापत औचित्य र कामका आधारमा रकम उपलब्ध गराउन सकिनेछ ।

६. निर्देशिकाको दफा (८) को उपदफा (८) मा ६००० शब्दको सट्टा ७,०००/- कायम गरिएको ।

७. गाउँपालिकाबाट सञ्चालित योजना, कार्यक्रम तालिम, सेमिनार, गोष्ठिहरुको अनुगमनमा, कार्यविधि अनुसारको अनुगमन समितिले अनुगमन प्रतिवेदन, कार्यस्थलको तस्बीर समेत राखि अनुगमन प्रतिवेदन पेश गरेमा उक्त समितिका पदाधिकारीहरुलाई प्रति अनुगमन रु.१,०००/- मा करकट्टी गरी भुक्तानी दिन सकिनेछ ।उक्त समितिको ५०% आमन्त्रित सदस्यहरुलाई औचित्य पुष्टी हुने गरी उपलब्ध गराउन बाधा पर्ने छैन ।

८. निर्देशिकाको दफा २१ को अनुसूची-२ लाई संशोधन गरी अनुसूची-१ कायम गरिएको ।

९. निर्देशिकाको दफा २४ पछी दफा २५. देहाय बमोजिम थप गरिएको ।

२५. गाउँपालिकाबाट गरिने स्वमूल्याङ्कन (LISA), वित्तिय जोखिम स्वःमूल्याङ्कन (FRA) लगायतका अनलाइन पोर्टल माध्यमहरुमा काम गर्ने पदाधीकारी तथा कर्मचारीहरुलाई नियमानुसार औचित्यताको आधारमा भत्ता उपलब्ध गराउन सकिनेछ ।

१०. निर्देशिकाको दफा २५. पछि देहायको दफा २६. थप गरिएको ।

२६. खेलकुद तथा विषयगत तालिम सञ्चालन मापदण्डः-

(१) अध्यक्ष फुटवल प्रतियोगिता, सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका विभिन्न इभेन्टसका खेल प्रतियोगिताहरु तथा शैक्षिक, साहित्यिक तथा बौद्धिक प्रतियोगिता जस्तै हाजिरीजवाफ, कविता, निबन्ध, हिज्जे आदि प्रतियोगिता सञ्चालन गर्दा अनुसूची (२) बमोजिम सञ्चालन तथा व्यवस्थापन खर्च गरिनेछ ।

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

अनुसूची-२

दफा २६ (१) सँग सम्बन्धित

क. फुटवल/भलिवल/ कबड्डी आदिखेल तथा शैक्षिक, साहित्यक तथा बौद्धिक प्रतियोगिता सञ्चालन गर्दा केन्द्रीयस्तर/प्रदेश स्तर/जिल्लास्तर/स्थानीयस्तर प्रशिक्षकका हकमा पारीश्रमिक प्रति म्याच वा प्रतियोगिता रु.२५००/-, २०००/- २०००/- १५००/- र यातायात खर्च रु १०००/- स्थानीयहकमा रु.५००/-

ख. खेल सचिवालयमा काम गर्ने संयोजक तथा कर्मचारीहरुलाई प्रतिदिन पारीश्रमिक रु.१०००/- र यातायात खर्च रु.५००/-

ग. स्वयम् सेवक भइ कामगर्ने स्वयम् सेवकहरुलाई प्रतिदिन पारीश्रमिक रु.६००/- का दरले

घ. शिक्षकहरुको तालिमहरुको जिल्ला प्रशिक्षकहरुको हकमा रु. २०००/- प्रतिसेसन र यातायात खर्च प्रतिदिन रु.१०००/- र स्थानीय प्रशिक्षकको हकमा २०००/- र यातायात खर्च रू.५००/-

ङ. फिफा अन्तर्गतका रेफ्रिहरुको हकमा फिफाको नियमानुसार

**प्रमाणीकरण मितिः २०८०/११/४**

**थानेश्वर घिमिरे**
**गाउँपालिका अध्यक्ष**

**थानेश्वर घिमिरे**
**गाउँपालिका अध्यक्ष**